आज मिति २०८१ साल कार्तिक ९ गतेका दिन त्रिपुरासुन्दरी गाउँ कार्यपालिकाको आ.व. २०८१।०८२ को तेश्रो बैठक अध्यक्ष श्री भक्त ध्वज बोहराको अध्यक्षतामा तपशिलका पदाधिकारीहरुको उपस्थितिमा बसी देहायका विषयवस्तुमा छलफल गरी निर्णय गरियो।

उपस्थिति:

| क्र.स | पद | नाम,थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री भक्तध्वज बोहरा | |
| २ | उपाध्यक्ष | श्री गिता कुमारी नेपाल | — |
| ३ | वडा अध्यक्ष | श्री सिताराम थापा | |
| ४ | वडा अध्यक्ष | श्री रमेश राउत | |
| ५ | वडा अध्यक्ष | श्री शिव कुमार कार्की | |
| ६ | वडा अध्यक्ष | श्री टेक बहादुर गुभाजु | |
| ७ | वडा अध्यक्ष | श्री यादप श्रेष्ठ | |
| ८ | वडा अध्यक्ष | श्री रमेश बोहरा | |
| ९ | कार्यपालिका सदस्य | श्री विकास पहरी | — |
| १० | कार्यपालिका सदस्य | श्री किरण थामी | |
| ११ | कार्यपालिका सदस्य | श्री स्वस्थानी गुरुङ | |
| १२ | कार्यपालिका सदस्य | श्री ज्ञानी थामी | |
| १३ | कार्यपालिका सदस्य | श्री रमिता वि.क. | |
| १४ | कार्यपालिका सदस्य | श्री देवकी दमाई ( नेपाली ) | |
| १५ | प्र.प्र.अ. (सदस्य सचिव) | श्री जय बहादुर वाईबा | |

**प्रस्तावहरु:**

प्रस्ताव नं. १: अघिल्लो कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २: प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन सम्बन्धमा ।

प्रस्ताव नं. ३: बजार अनुगमन प्रतिवेदन सम्बन्धमा ।

प्रस्ताव नं. ४: वडा सचिवको जिम्मेवारी सम्बन्धमा ।

प्रस्ताव नं. ५: खानेपानी आयोजना सिफारिस सम्बन्धमा ।

प्रस्ताव नं. ६: आर्थिक सहयोग सम्बन्धमा ।

प्रस्ताव नं. ७: बहुक्षेत्रीय पोषण कार्यक्रम बाँडफाट सम्बन्धमा ।

प्रस्ताव नं. ८: आयोजनाको नाम र ठेगाना संशोधन सम्बन्धमा ।

प्रस्ताव नं. ९: विविध ।

**निर्णयहरु:**

**निर्णय नं. १:** गाउँ कार्यपालिकाको मिति २०८१।०५।३१ गतेको कार्यपालिकाको बैठकबाट भएका निर्णय कार्यान्वयनको सम्बन्धमा आजको यस कार्यपालिका बैठकमा छलफल तथा समीक्षा गरियो ।

**निर्णय नं. २:** त्रिपुरासुन्दरी गाउँपालिकामा सञ्चालन हुने प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको युवा रुपान्तरण पहल आयोजना कार्यक्रम वडा नम्बर ४ र ५ मा सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ३:** त्रिपरासुन्दरी गाउँपालिकाभित्र सञ्चालनमा रहेका विभिन्न व्यवसायहरुको मिति २०८१ असोजमा चाडपर्व लक्षित गरिएको बजार अनुगमनबाट प्राप्त प्रतिवेदन उपर छलफल गरियो । साथै बजार अनुगमन बाट आधिकांश व्यवसाय पालिकामा दर्ता नगरी सञ्चालन गरेको पाइएको हुदा सबै व्यवसायीहरुलाई कार्यविधि बमोजिम दर्ता गर्ने आवश्यक प्रकृया थाल्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ४:** यस गाउँपालिकाको १ नम्बर वडा कार्यालय,घोर्थलीमा प्रशासन सेवाका स्थायी कर्मचारीको अभाव भएका कारण स्वास्थ्य सेवा तर्फका सि.अ.न.मि. गिता न्यौपानेलाई वडा सचिव/स्थानीय पञ्जिकाधिकारीको कार्य जिम्मेवारी तोकिएकोमा निजको मिति २०८१।०६।१८ गते अन्यत्र सरुवा भइ गएकोले अर्को व्यवस्था नहुन्जेलसम्मका लागि स्वास्थ्य सेवा तर्फका सि.अ.हे.व. सुशिल पण्डितलाई वडा सचिव/स्थानीय पञ्जिकाधिकारीको कार्य जिम्मेवारी तोक्ने निर्णय गरियो ।

**निर्णय नं. ५:** आर्थिक वर्ष २०७९।८० मा संघीय सरकारबाट क्रमागत रुपले बजेट विनियोजन भइ यस गाउँपालिकाको वडा नम्बर ५ मा सञ्चालित जपसिले खानेपानी आयोजनाको लागि यस आर्थिक वर्षमा बजेट विनियोजन नभएको तथा उक्त आयोजनाको सम्पुर्ण संरचना निर्माण गरि सञ्चालनमा ल्याउन बजेट आवश्यक भएको हुदा खानेपानी तथा ढल व्यवस्थापन विभाग समक्ष बजेट मागको लागि सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६:** मिति २०८१ असोज ११ र १२ गते परेको अविरल वर्षाका कारण सिर्जित विपद् बाट सिन्धुपाल्चोक तथा काभ्रेपालञ्चोक लगायत मुलुकका विभिन्न स्थानीय तहहरुमा धनजनको क्षति भई हजारौ परिवार घरबास विहिन समेत भएको हुदा उक्त विपद् बाट मृत्यू भएका परिवारका आफन्तलाई रहात स्वरुप प्रति मृतक रु. २५००० का दरले

त्रिपुरासुन्दरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पिस्कर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३